**वैठक नं. ३३**

मितिः २०८३।०१।०९ गते बुधबार जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटको आयोजनामा सरकारी वकील र अनुसन्धान अधिकृतबीच सरकारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

**सरकारी वकील**

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिसवका जाजरकोट

सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली, जिसवका जाजरकोट

**प्रहरी अनुसन्धान अधिकृत**

प्रहरी नायव उपरीक्षक श्री बसन्तकुमार शर्मा, कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

**वन अनुसन्धान अधिकृत**

डिभिजनल वन अधिकृत श्री दिपेश के.सी., डिभिजन वन कार्यालय, जाजरकोट

वन अधिकृत श्री सेजल वर्मा, डिभिजन वन कार्यालय, जाजरकोट

सहायक वन अधिकृत श्री नवराज बुढा, डिभिजन वन कार्यालय, जाजरकोट

**अनुसन्धान सहायक**

प्रहरी हवल्दार श्री मिमबहादुर रोकाया, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी सहायक हवल्दार श्री यामबहादुर वली, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

प्रहरी सहायक हवल्दार श्री दिनेश धिताल, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

**सहायक कर्मचारी**

नायव सुब्बा श्री गणेशबहादुर घर्ति, जिसवका जाजरकोट

कम्प्युटर अपरेटर श्री सुमन भण्डारी, जिसवका जाजरकोट

खरिदार श्री मिमबहादुर शाही, जिसवका जाजरकोट

छलफलका विषयहरू:

१) यस अघि भएका समन्वय समिति र अनुसन्धान अधिकृतको बैठकमा भएका निर्णयहरुको समक्षा र कार्यान्वयन गर्ने सम्बन्धमा ।

२) अनुसन्धानको चरणमा विशेषज्ञको राय लिने सम्बन्धमा ।

३) महिला प्रतिवादी भएका तथा कानूनको विवादमा परेका बालबालिकाहरु भएका मुद्दाहरुमा अनुसन्धान गर्ने टिममा महिला कर्मचारीलाई समेत समावेश गर्ने सम्बन्धमा।

४) जाहेरवाला, प्रतिवेदक, पीडित, मृतक, बुझिएका मानिसहरु तथा प्रतिवादी र कानूनको विवादमा परेका बालबालिकाहरुको परिचय र उमेर खुल्ने कागजात मिसिल संलग्न गर्ने सम्बन्धमा।

निर्णयहरु

१) विषय नं १ का सम्बन्धमा छलफल गर्दा जिल्ला सरकारी वकील कार्यालय जाजरकोट तहको समन्वय समितिबाट मिति २०८२।०९।२३ गते र मिति २०८२।१२।२६ गते भएका निर्णयहरु तथा सरकारी वकील र अनुसन्धान अधिकृत बीच मिति २०८२।१०।२६ गते भएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरी अनुसन्धान गर्ने निकायले कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) विषय नं २ का सम्बन्धमा छलफल गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २३ मा विशेषज्ञको राय लिन सकिने सम्बन्धी कानूनी व्यवस्था रहेको छ। उक्त दफामा अनुसन्धान अधिकारीले अनुसन्धानको सन्दर्भमा आवश्यक ठानेमा कुनै विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा प्रहरी र वन कार्यालयबाट अनुसन्धान हुने मुद्दाहरुमा मुद्दाको प्रकृति अनुसार अनुसार अनुसन्धान अधिकृतले अनुसन्धानको चरणमा सम्बन्धित विशेषज्ञको राय र सहयोग लिई मिसिल संलग्न गर्ने निर्णय गरियो ।

३) विषय नं ३ का सम्बन्धमा छलफल गर्दा अनुसन्धान गर्ने निकायले महिला प्रतिवादी भएका तथा कानूनको विवादमा परेका बालबालिकाहरु भएका मुद्दाहरुमा अनुसन्धान गर्ने टिममा महिला कर्मचारीलाई समेत समावेश गरी सोधपुछ, परामर्श गर्ने तथा अनुसन्धान कार्यमा संलग्न गराउँदा प्रभावकारी हुने भएकाले महिला प्रतिवादी भएका तथा कानूनको विवादमा परेका बालबालिकाहरु भएका मुद्दाहरुमा अनुसन्धान गर्ने टिममा महिला कर्मचारीहरुलाई अनिवार्य रुपमा सहभागी गराउने निर्णय गरियो ।

४) विषय नं ४ का सम्बन्धमा छलफल गर्दा प्रत्येक मुद्दाहरुमा जाहेरी दरखास्त र प्रतिवेदन दर्ता गर्दा नै जाहेरवाला र प्रतिवेदकको परिचय, उमेर र वतन खुल्ने सरकारी निकायद्वारा जारी कागजातहरु जाहेरी दरखास्त र प्रतिवेदनसँगै मिसिल संलग्न गर्ने । प्रत्येक मुद्दामा अनुसन्धानको क्रममा घटनाविवरण कागज गर्ने

पीडित सहितका मानिसहरुको समेत परिचय र उमेर खुल्ने कागजातहरु घटनाविवरण कागजसँगै मिसिल संलग्न गर्ने । ज्यान सम्बन्धी कसूर मुद्दामा र प्रतिवादी नभएका मुद्दामा मृतकको परिचय, फोटो र उमेर खुल्ने कागजात मिसिल संलग्न गर्ने । गोप्य नाम कायम गर्नुपर्ने जाहेरवाला, पीडित र घटनाविवरण कागज गर्ने मानिसहरुको परिचय र उमेर खुल्ने कागजातहरु गोप्य खामबन्दी फाइलमा संलग्न गर्ने । खुला फाइलमा नाम परिवर्तन गरी संलग्न गर्ने । प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाको बयान र सोधपुछ गर्नु पूर्व नै मिसिलमा परिचय खुल्ने कागजातहरु, उमेर खुल्ने कागजातहरु र बाबु र आमाको विवरण खुल्ने कागजातहरु मिसिल संलग्न गर्ने । प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाले निवेदन साथ पेश गरेका उमेर र परिचय खुल्ने कागजातहरुको सन्दर्भमा जारी गर्ने निकायहरुसँग समन्वय गरेर पत्राचार गरी पेश गरिएका विवरणहरुको यकिन गर्ने । प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाले बयान/सोधपुछका क्रममा उल्लेख गरेको वतनका सम्बन्धमा तथा फरार प्रतिवादीहरु र कानूनको विवादमा परेका बालक/बालिकाको वतनको यकिन गर्न अनिवार्य रुपमा प्रत्येक मुद्दामा सम्बन्धित वतनका स्थानीय व्यक्तिहरु र निजका परिवारका सदस्यहरुसँग सोधपुछ गरी मुचुल्का खडा गरेर मिसिल संलग्न गर्ने निर्णय गरियो ।

२०८३।१।१